म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७८ २०८१ जेठ ७ गते सोमबार 20 May 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय, मकवानपुर

### मन्त्री आलेद्वारा पदभार ग्रहण

## खेलकुद र पर्यटनलाई सँगै लिएर जाने निर्णय



*पहिलो निर्णयमा हस्ताक्षर गर्नुहुँदै मन्त्री रमा आले मगर ।*

**समाज संवाददाता**

हेटौँडाः बागमती प्रदेश सरकारकी युवा तथा खेलकुद मन्त्री रमा आले मगरले पदभार ग्रहण गर्नुभएको छ । आइतबार मन्त्री आलेले पदभार ग्रहण गर्दै प्रदेशमा खेलकुद र पर्यटन क्षेत्रलाई सँगै लिएर जाने पहिलो निर्णयमा हस्ताक्षर गर्नुभएको हो ।

हेटौँडा उपमहानगरपालिका-६, गौरीटारस्थित प्रदेश खेलकुद परिषद्को भवनमा मन्त्रालय राखिएको छ । मन्त्री आलेले खेलकुदका लागि विकासका काम भइरहेको समयमा पर्यटनलाई जोडेर लैजाँदा विकासको काम दिगो ढङ्गले हुने र अर्थतन्त्र पनि सवल रहने उहाँले बताउनुभयो । आफूलाई मन्त्रालयको जिम्मेवारी दिएकोमा उहाँले धन्यवाद दिनुभयो । मन्त्री आलेले भन्नुभयो, "जनताले अन्य मन्त्रालय मुख्यमन्त्री कार्यालय वरपर रहेको तर यो मन्त्रालय टाढा भयो भनेर सुझाव सल्लाह जिज्ञासा आएको थियो । तर मैले प्रदेश सरकारको लगानीमा निर्माण भएको संरचना हुँदाहुँदै भाडामा नबस्ने भनेर मैले यहाँ बस्ने निर्णय गरेँ । जसले प्रदेश सरकारको व्ययभार पनि कम पर्छ ।" सरकारले लगानी गरेको स्थानमा मन्त्रालय स्थापना गरिएको मन्त्री आलेको दावी छ ।

काममा सबै विज्ञ नहुने बताउँदै आफूले मन्त्रालयको जिम्मेवारीले नयाँ कुरा सिक्ने अवसर प्राप्त भएको मन्त्री आले बताउनुहन्छ । युवा खेलाडीलाई नीतिगत हिसाबले आफूले काममा सल्लाह सुझाव लिएर काम गर्ने आश्वासन दिनुभयो । आफू सबै कुरामा विज्ञ नभएकाले विज्ञहरुको सल्लाह बमोजिम समूहगत हिसाबले काम गर्दै जाने धारणा राख्नुभयो । बागमती प्रदेशमा अन्य प्रदेशको तुलनामा खेल क्षेत्रमा विकासले धेरै विकास भएको पाएको मन्त्री आलेको भनाई छ । खेलमा अग्रभागमा रहेको अवस्थामा मर्यादालाई कायम राख्न कोसिस गरिरहने उहाँको भनाई छ ।

नेकपा एकीकृत समाजवादीकी आले गत चैत १९ गते मन्त्रीमा नियुक्त हुनुभएको थियो । केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै प्रदेशमा पनि सत्ता परिवर्तन भई प्रदेशमा नयाँ मन्त्रीमण्डल गठन भएको थियो । मन्त्री आले बिनाविभागीय मन्त्री हुनुहुन्थ्यो । गत बुधबार बसेको मन्त्री परिषद् बैठकले मन्त्री आलेलाई उक्त मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेको हो ।

## जनप्रियको अक्षयकोषमा एक लाख ११ हजार सहयोग




*सहयोग रकमको चेक हस्तान्तरण गरिँदै ।*

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-१६, हटियास्थित जनप्रिय माविको अक्षयकोषका लागि एक लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गरिएको छ । विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष एवम् सल्लाहकार रमेश प्रसाद खतिवडा र उहाँका दाइ कमलप्रसाद खतिवडाले संयुक्तरुपमा आमा भक्तकुमारी खतिवडाको स्मृतिमा विद्यालयले स्थापना गरेको विपन्न तथा गरिब विद्यार्थीलाई सहयोग गर्ने गरी स्थापना गरिएको अक्षयकोषमा सहयोग गरिएको हो ।

आइतबार विद्यालयमै पुगेर खतिवडा परिवारले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद बास्ताकोटीलाई सहयोग रकमको चेक हस्तान्तरण गरिएको थियो । सहयोग रकम हस्तान्तरण कार्यक्रममा वडा अध्यक्ष रामकृष्ण कोइराला, विद्यालय व्यवस्थापन समितिका सदस्य, सल्लाहकारको पनि उपस्थिति रहेको थियो । विपन्न तथा गरिब विद्यार्थीलाई लक्षित गरी विद्यालयले अक्षयकोष स्थापना गरेको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभएको छ । यसअघि विभिन्न शीर्षकमा रहेका अक्षयकोषहरुलाई एकीकृत गरेर व्यवस्थापन गर्ने तयारी भइरहेको पनि उहाँले बताउनुभएको छ ।

## हावाहुरीले मकवानपुरको दुर्गम क्षेत्रको विद्यालयको छानो उडायो

**समाज संवाददाता**

हेटौँडाः मकवानपुरको दुर्गम क्षेत्रस्थित विद्यालयको छानो हावाहुरीले उडाएको छ । शनिबार राती १० बजेको समयमा मकवानपुरको कैलाश गाउँपालिका-७, डोकोटारस्थित सरस्वती आधारभूत विद्यालयको छानो हावाहुरीले उडाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । विद्यालयको १४ वटा जस्तापाता उडाएको प्रहरीले जनाएको छ । छानोसँगै सोलार प्यानल पनि उडाएको बताइएको छ ।

हावाहुरीले विद्यालयमा पुऱ्याएको क्षतिको विवरण पालिकामा पठाउने तयारी भइरहेको विद्यालयकी प्रधानाध्यापक निर्मला सिन्तानले जानकारी दिनुभएको छ । ५ कक्षासम्म पठनपाठन हुने विद्यालयमा १ सय ७ जना विद्यार्थी भर्ना भएका छन् । शिक्षक र कक्षाकोठाको अभावमा प्रारम्भिक बालविकास कक्षा र १ कक्षा, २ कक्षा र ३ कक्षा तथा ४ कक्षा र ५ कक्षालाई एकै ठाउँमा राखेर पठनपाठन गर्नुपर्ने बाध्यता रहेको प्रधानाध्यापक सिन्तानले जानकारी दिनुभएको छ । गत वर्षदेखि ४ कक्षा र यसै बर्षदेखि ५ कक्षाको पठनपाठन सञ्चालन गरिएको प्रधानाध्यापक सिन्तानको भनाइ छ ।

३ कक्षासम्मको अध्ययन पूरा गरेपछि ४ कक्षा पढ्न २ घण्टा भन्दा बढी समय लाग्ने टाढाको विद्यालय जानुपर्ने विद्यार्थीको बाध्यतालाई ध्यान दिएर गत बर्षदेखि ४ कक्षा र यसै बर्षदेखि ५ कक्षाको पठनपाठन सञ्चालन गरिएको उहाँको भनाइ छ । सरस्वती आधारभूत विद्यालयको प्रारम्भिक बालविकास कक्षामा १४ जना, १ कक्षामा २४ जना, २ कक्षामा २४ जना, ३ कक्षामा १७ जना, ४ कक्षामा १६ जना र ५ कक्षामा १२ जना विद्यार्थी अध्ययनरत छन् ।

सरस्वती आधारभूत विद्यालयमा प्रधानाध्यापक सिन्तानसहित २ जना राहत कोटाका शिक्षक, एकजना प्रारम्भिक बालविकास कक्षाकी शिक्षक र एकजना कार्यालय सहयोगी मात्रै छन् । ६ वटा कक्षा सञ्चालनमा रहेको विद्यालयमा ३ जना मात्रै शिक्षक हुँदा दुईवटा कक्षालाई एउटै कोठामा गाभेर पठाउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक सिन्तानले दुखेसो गर्नुभएको छ । गाउँपालिकालाई समस्याबार े जानकारी गराएपछि एकजना शिक्षक थप गरिदिने आश्वासन प्राप्त भएको उहाँको भनाइ छ । २ जना तामाङ विद्यार्थी र १०५ जना चेपाङ विद्यार्थी अध्ययनरत छन् ।

## हेटौँडा उपमहानगरको १५औं अधिवेशन असार २ गते




**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १५ औं अधिवेशन असार २ गते हुने भएको छ । शुक्रबार बसेका ४४ औं कार्यपालिका बैठकले अगामी आर्थिक वर्षको आयव्यय विवरणसहितको प्रस्ताव अधिवेशनमा पेश गर्ने निर्णय भएको हो ।

कार्यपालिका बैठकले अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरी प्रगतिको बारेमा छलफल भएको थियो । बैठकले हेटौँडा उपमहानगरपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिजभन्दा बढि तथा कार्यालयलाई आवश्यक नरहेका पदका स्थायी कर्मचारीहरुलाई सम्बन्धित निकायहरुमा फिर्ता पठाउन बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गर्ने निर्णय भएको छ ।

बैठकले आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार वडा नम्बर-१० मा निर्माण भएको व्यावसायिक भवनको बिल भुक्तानीको भेरिएसन स्वीकृत गर्ने निर्णय गरेको छ । रोजन निर्माण सेवा प्रालि कीर्तिपुर, काठमाडौंसँग २०७६ जेठ १६ गतेको सम्झौताबमोजिम कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानी हुने क्रममा पाइएको भेरियसन स्वीकृत गर्ने निर्णय भएको हो । निर्माण कम्पनीबाट ३६.८७ प्रतिशत कम काम भई भेरिएसन भएको बैठक निर्णयमा उल्लेख छ । उक्त भेरिएसनलगायत अन्य भेरिएसनको अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर कार्यपालिकाको गत फागुन १६ गतेको बैठकको निर्णयानुसार गठित समितिले गत बैशाख ३१ गते प्रतिवेदन बुझाएको थियो ।

बैठकमा गत असार १६ गते नगरसभाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी तेरिजलाई पुनरावलोकन गरी आगामी नगरसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय भएको छ । यस्तै, जनस्वस्थ्य सेवा ऐन, २०७५ को परिच्छेद ३ को दफा २१ को उपदफा (७), (८), जनस्वस्थ्य नियमावली, २०७७ को परिच्छेद-४ को नियम १२ को उपनियम (२), (३), (४) र (५) तथा हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरणसम्बन्धी कार्यविधि, २०७६ को परिच्छेद-२ को दफा ३ को उपदफा (१), दफा ५ को उपदफा (१), (२), (३), (४) र हेटौंडा उपमहानगर पालिकाको जनस्वास्थ्य ऐन, २०७९ बमोजिम गठित प्राविधिक समितिको निर्णयबमोजिम जनस्वास्थ्य शाखाबाट पेश भएका स्वास्थ्य संस्थाहरुलाई उल्लेखित कानुनबमोजिम सञ्चालन अनुमति प्रदान गर्ने निर्णय भएको छ । हेटौंडा उपमहानगर पालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ को पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय भएको छ ।

कार्यपालिका बैठकले बागमती प्रदेश सरकारबाट जारी भएको वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (२) (घ), हेटौंडा उपमहानगरपालिका वातावरण संरक्षण ऐन, २०७७ तथा हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम गठित प्राविधिक समितिको गत बैशाख ३० गतेको निर्णयानुसार हेटौंडा उपमहानगरपालिका वडा नं. १६ आकाशधारा सडकखण्ड स्तरोन्नति कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरेको छ ।

## चोरीको मोटरसाइकलसहित ६ जना पक्राउ




*चोरीको मोटरसाइकलसहित पक्राउ परेकाहरुलाई प्रहरीले सार्वजनिक गर्दै ।*

**समाज संवाददाता**

हेटौँडाः चोरीको मोटरसाइकलसहित छ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरले चोरीको मोटरसाइकलसहित पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको छ ।

विभिन्न मितिमा चोरी भएका मोटरसाइकलहरु खोजी गर्ने कार्यमा जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयहरुबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गर्न सफल भएको हो । प्रहरीले जेठ २ गते हेटौँडा-१६ बाट हेटौँडा-१५ का २० वर्षीय मिलन पाखिन र हेटौँडा-१६ का ३० वर्षीय रत्न बहादुर गोलेलाई बागमती प्रदेश ०२-०३ प २१९६ नम्बरको चोरीको मोटरसाइकल फेला पारी सोधपुछ गर्दा उक्त मोटरसाइकल बकैया-८, का १९ वर्षीय संजिव भोलनले बिक्री गरेको भनेर बताएको थियो । प्रहरीले भोलनलाई खोजी गर्ने क्रममा उनको साथबाट बागमती प्रदेश ०२-०४१ प ३९०८ नम्बर प्लेट भएको २२० सीसीको चोरीको मोटरसाइकल फेला पारी अनुसन्धान गर्ने क्रममा उक्त मोटरसाइकलहरु बकैया-८ का ३३ वर्षीय रमेश लोप्चन र इन्द्रसरोवर-५ का २९ वर्षीय सुवास बोम्जनले दिएको भनेर प्रहरीलाई बताएको थियो ।

भोलनको साथबाट फेला परेको मोटरसाइकलको सम्पूर्ण पार्टपुर्जाहरु हेटौँडा-१९ का अशोक स्याङ्तानलाई बिक्री गरेको र स्याङ्तानले आफुले प्रयोग गर्ने ना २० प ७७६८ नम्बरको मोटरसाइकलमा उक्त पार्टपुर्जाहरु राखेर स्वरुप परिवर्तन गरेको बताएको थियो । मोटरसाईकल चोरी गर्ने साँचोसहित छ जनालाई पक्राउ गरेर जिल्ला अदालत मकवानपुरबाट ८ दिनको म्याद लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । प्रहरीले बागमती प्रदेश ०२-०३८ प ७५८१ नम्बरको एनएस र बागमती प्रदेश ०२-०३३ प ६०२० नम्बरको डुक मोटरसाइकल पनि अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याएको छ ।

## सम्पादकीय

# सुरक्षित सडक आवश्यक

नेपालमा सवारी दुर्घटना बढ्दै गएको छ । सवारी साधन दुर्घटना बढ्दै जाँदा सडक सुरक्षाबारे चर्चा हुन थालेको छ । देशका अधिकांश सडकमा सवारी दुर्घटनाको जोखिम उच्च छ । पछिल्लो समय ग्रामीण क्षेत्रमा समेत सडक सञ्जाल विस्तार हुँदै जाँदा दुर्घटनाको जोखिम पनि बढाएको छ । सडकलाई सुरक्षित बनाउन नसक्दा दुर्घटनाले कारण ठूलो जनधनको क्षति बेहोर्नु परेको छ । प्रभावकारी र भरदर्पो वैकल्पिक यातायातको साधन नहुँदा सडक यातायातमै भर पर्नुपर्ने बाध्यात्मक अवस्थामा सडक नै असुरक्षित भइदिँदा आम नागरिकमा त्रास बढेको छ । यात्राको क्रममा सुरक्षितरुपमा गन्तव्यसम्म पुग्न सकिने हो वा होइन भन्ने चिन्ताले सवारी चालक तथा यात्रुलाई सताउने गरेको छ ।

पछिल्लो समय मकवानपुर जिल्लामा सडक दुर्घटना र त्यसबाट मर्नेको संख्या वृद्धि भएको छ । अहिले जिल्लाको धरान-चतरा सडक (मदन भण्डारी लोकमार्ग) र कान्ति लोकपथमा सडक दुर्घटनाको दर बढ्दै गएको छ । यस्तै, हेटौंडा-कुलेखानी-काठमाडौं सडकमा पनि दुर्घटनाको जोखिम उच्च रहेको छ । सडक दुर्घटनाको राष्ट्रिय तथ्यांक हेर्ने हो भने अवस्था कहालीलाग्दो छ । पछिल्लो तथ्यांकले औसतमा दैनिक एक सयको हाराहारीमा सडक सवारी दुर्घटना हुने गरेको छ । सडक दुर्घटनाबाट दैनिक १० जनाको ज्यान जाने गरेको छ भने गम्भीर घाइतेको संख्या मृत्यु हुनेको संख्याको दोब्बर छ । प्रहरीको तथ्यांकअनुसार पछिल्लो डेढ दशकमा मुलुकभर सडक दुर्घटनाबाट ३३ हजार जनाले ज्यान गुमाएका छन् । यस अवधिमा ३ लाख १६ हजारभन्दा बढी सवारी साधन सडक दुर्घटनामा परेका छन् । दुर्घटनामा ७२ हजार जना गम्भीर घाइते भएका छन् ।

विश्वभर सडक दुर्घटना न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघले सन् २०११ देखि २०२० लाई सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते दर घटाउने दशकका रुपमा मनाएको थियो । नेपालले यसलाई अनुमोदन गर्दै सन् २०२० भित्रमा ५० प्रतिशतले सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते दर घटाउने प्रतिबद्धता गरेको भए पनि सोही अवधिमा वर्षेनि सडक दुर्घटना र त्यसबाट हुने जनधनको क्षतिको दर बढ्दै गएको छ । उक्त अवधिमा सडक दुर्घटनाको वार्षिक मृत्युदर १ हजार ६ सय ८९ बाट १ हजार १ सयले बढेर २ हजार ७ सय ८९ सम्म पुगेको थियो । सन् २०२० फेब्रुअरीमा सडक सुरक्षासम्बन्धी स्वीडेनको स्टकहोममा भएको तेस्रो विश्व मन्त्रीस्तरीय सम्मेलनमा नेपालले सडक दुर्घटना मृत्यु र घाइते दर सन् २०३० सम्ममा ५० प्रतिशत र सन् २०५० सम्ममा शून्यमा झार्ने प्रतिबद्धता गरेको छ । तर, त्यसपछि पनि वर्षेनि सडक दुर्घटनाको संख्या बढ्दै जानुले सरकारी प्रतिबद्धता कागजमै सिमित बन्ने निश्चित भएको छ ।

नेपालमा सडक दुर्घटनाको मुख्य कारणमा सवारी चालकको लापरबाही र तीव्र गतिलाई लिइन्छ । सवारी साधनको यान्त्रिक गडबडी र सडकको अवस्थाका कारण पनि धेरै सवारी साधन दुर्घटना हुने गरेका छन् । सवारी साधनले क्षमताभन्दा बढी सामान वा यात्रु बोक्नु, सडक अनुशासन (ट्राफिक नियम) पालना नगर्नु, पैदलयात्रीले जथाभावी हिंड्नु र बाटो काट्नुलाई पनि दुर्घटनाका कारण मान्ने गरिएको छ । सडक दुर्घटनाका कारण थाहा हुँदाहुँदै पनि दुर्घटना बढ्नुले सडक सुरक्षाप्रति सबै पक्ष उदासिन बनेको स्पष्ट हुन्छ । सडक दुर्घटना कम गरी सडकलाई सुरक्षित बनाउन अत्यावश्यक छ । यसका लागि सरकारले प्रभावकारी नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ । सडक सुरक्षाप्रति यातायात व्यवसायी, सवारी चालक, यात्रु, पैदयात्री सबै सचेत बन्नुपर्छ । सवारी नियमनको जिम्मेवारी पाएका निकायले इमान्दारसाथ काम गर्नुपर्छ । प्रतिबद्धता र चिन्ताले मात्र समस्या समाधान हुँदैन । दुर्घटना न्यूनीकरण गरी सडकलाई सुरक्षित राख्न सम्बद्ध सबै पक्ष गम्भीर भएर आ-आफ्नो दायित्व पूरा गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बोलीले काममा पूर्णता प्राप्त हुने समय छ । |
| वृष | : पारिवारिक इच्छा विपरीत काम नगर्दा राम्रो । |
| मिथुन | : सहयोगीहरुले साथ दिने समय योग छ । |
| कर्कट | : मान–सम्मान बढ्ने समय योग रहेको छ । |
| सिंह | : मानसिक रिस, राग र संवेग बढ्ने समय छ । |
| कन्या | : भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रो । |
| तुला | : कर्मचारीहरुको बढुवा हुने र पुरस्कार प्राप्त होला । |
| वृश्चिक | : सेवा सुश्रुषामा समय व्यतित होला । |
| धनु | : धार्मिक र दार्शनिक विषयमा मन जाला । |
| मकर | : लगानी र दौडधूपमा समय व्यतित होला । |
| कुम्भ | : विगतका रमाइलो पलहरुको याद आउने छ । |
| मीन | : साझेदारी कामबाट त्यति लाभ प्राप्त हुन नसक्ला । |

# आर्थिक रूपान्तरणमा जैविक विविधता

**विश्व वनस्पति भण्डारको रूपमा रहेको नेपालको जैविक विविधतामा आँच आउनु भनेको सबैका लागि कष्टपूर्ण स्थिति पैदा हुनु हो ।**



✍अच्युतप्रसाद पौडेल 'चिन्तन'



मे २२ जैविक विविधता दिवस हो । देशको भूगोल, यहाँको प्राकृतिक सौन्दर्य, यहाँ पाइने वनस्पति, जडीबुटी र देशैभरिको जैविक विविधताको अवलोकन र यहाँ भएका असंख्य मठमन्दिर र त्यसबाट हुन सक्ने देशको आर्थिक रूपान्तरणको सम्भावना खोज्दै विगत तीन महिनायतादेखि पंक्तिकार स्वास्थ्य समस्याका बाबजुद पनि देशाटन गर्दै रह्यो ।

काठमाडौं बौद्धस्थित पानी ट्याकी युवा समाज, विश्व हिन्दू महासंघ राष्ट्रिय समिति तथा काठमाडौं महानगर एवं गोकर्णेश्वर नगरका केही र अन्य सयौं मित्रका साथ समूहबद्ध भई देशको वस्तुस्थिति अवलोकन गर्ने क्रममा प्राप्त तथ्य र अनुभवलाई उजागर गर्ने उद्देश्यले यो आलेख तयार गरिएको छ । साँच्चै भन्नुपर्दा, देशको आर्थिक रूपान्तरण र समृद्धि त देशमा भएका जैविक विविधतावाटै हुन सक्ने समूहको राय छ, यति धेरै सम्भावना छन् हामीसँग ।

### अध्ययन र अवलोकनको क्षेत्र

काठमाडौंपूर्वका जिल्लाहरूका मुख्य केही भाग: काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, खोटाङ, दक्षिणी क्षेत्र ललितपुर र मकवानपुर, उत्तरी क्षेत्र रसुवा, नुवाकोट तथा पश्चिमी क्षेत्र गोरखा, चितवन, तनहुँ, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, प्युठान, रोल्पा, अर्घाखाँची आदिका विभिन्न भूभागहरू ।

### डढेलो र आगलागी

अधिकांश वनक्षेत्रमा दनादन आगलागी भइरहेको देखिन्थ्यो, डढेलो नियन्त्रणमा स्थानीय सरकारहरू नै अनभिज्ञ भएको भान हुन्थ्यो । चैत र वैशाख वसन्त आइरहँदा प्रकृतिमाथि बढी अन्याय भइरहेको देखियो । गत वर्षको आँकडा दिँदै केन्द्रको विपद् न्यूनीकरण प्राधिकरण भने बाढीबाट १८, पहिरोबाट ५०, चट्याङबाट ४६, सर्पदंशबाट २०, हिमपहिरोबाट १२, वन डढेलोबाट मर्ने नेपालीहरूको तथ्यांक देखाएर आफू चोखिन खोजेको भान हुन्थ्यो । प्राधिकरणका अनुसार गत वर्ष आगलागीबाटै १ सय ६ जनाको अवशान भएको र ५ सय ६ जना घाइते अनि झन्डै ३ अर्बको धनमाल नोक्सान भएको बताइरहेको थियो ।

यो वर्षमात्रै होइन, अतीतदेखिकै मूल समस्या हो हाम्रो यो । अध्ययनकै क्रममा चैतमा मात्रै सामान्य बालकदेखि जानकार सेनाहरूसम्म मरेका, माथि भनिएका जिल्लाहरूमा दर्जन बढी घर जलेका थिए । वन र घरसमेत जल्दा मानव, बस्ती र वनमा रहने जैविक प्राणीहरूको अवस्था के होला, सोचनीय विषय छ । यसै वैशाख महिनाभरिको डढेलोको पीडा यति धेरै रह्यो कि पीडा पोख्ने कलमको मसी सुकिसकेको छ । पंक्ति तयार गर्दा यो हप्तामात्र केही वर्षा भएर विपत्तिको क्रम हल्का भएको हो, नजाने आउने वर्षा ऋतु कस्तो होला, विगतभैँ वर्षाले यहाँ ताण्डव नृत्य गर्दा हाम्रो नेतृत्व मूकदर्शक भइरहेको अनुभव छ हामीसँग र मेलम्चीको सर्वत्र अब त्यही वर्षाका नाममा सिन्धुपाल्चोक नै फर्कने तरखर गरिहाल्ला । जैविक विविधताले भरिपूर्ण हामी र हाम्रो जिन्दगी बेकारजस्तो भइसकेको छ, तैपनि संसारमा अब्बल छौं भन्दै छौं हामी ।

मुलुकमा भएको जथाभावी वनफँडानी, अव्यवस्थित बसाइँसराइ, अवैज्ञानिक एवं परम्परागत पद्धतिमा आधारित कृषि प्रणाली, अव्यवस्थित र अवैज्ञानिक सहरीकरण, सहरकेन्द्रित जनघनत्व, बाढी, पहिरो र आगजनीको समस्यादेखि आधुनिक प्रविधिको अभाव, प्रकोपको सम्भावित क्षेत्रको नक्सांकन गर्न नसकिएको, आवासीय उच्च भवनहरू निर्माण गर्दा न्यूनतम आवश्यक मापदण्ड तय हुन नसकेको जस्ता विकराल समस्याहरूले गर्दा हामी र हाम्रो वातावरण हाम्रै लागि महाकाल बनेको छ, हेक्का रहेन कसैलाई पनि ।

### वन र वनस्पति

वैशाख-जेठमा फुल्ने लालीगुराँस माघ-फागुनमा फुलेको र हाम्रो समूह त्यसैमा रमाएर आयो, ऐंसेलु, काफल पनि एक महिनाअघि नै फलेकाले स्वाद पनि मीठो लाग्यो, हात भने रक्ताम्य भए टिप्न जाँदा । वसन्तमा पात झर्ने वृक्ष शिशिर तिरै झरेको पाइयो भने अति चिसो मीनपचास भनिने ५० दिनको समयमा तत्तत् क्षेत्रमा पुग्दा पनि २५ दिनको मीनपच्चीस भएको महसुस भयो, खासै जाडो भएन, पुसतिरै पनि । यसअघि मुस्ताङको स्याउमा अधिक तापक्रममा देखिने कीरा देखिन थालेको र स्याउ फल्ने कीर्तिपुरको बागवानीमा सुन्तला बढी फलेको देखिएकै हो ।

तराईमा फल्ने बेल, बयर, जामुन पनि एक महिनाअघि नै फल्न, फल्न थालेको दृश्य पनि हाम्रो समूहले क्यामेरामा कैद गर्न सफल भयो । देशले यसलाई जलवायु परिवर्तनको नाम दिएको छ, जैविक प्रजातिमाथि थप संकट पैदा भएको र पानीको स्रोत, जीव प्रणाली र मानवीय स्वास्थ्यमा बिलकुल प्रतिकूल असर परेको छ । तराईको ६० मिटर उचाइदेखि हिमाली हिमरेखासम्मको वनस्पति तथा जैविक विविधतामा असर पुगेको, फलस्वरूप फल फुल्ने, फल लाग्ने, पात झर्ने समयमा व्यापक परिवर्तन देखा परेको र होचो ठाउँमा पाइने वनस्पति अब अग्लो ठाउँतिर पाइन थालेको अनुभव भएको छ ।

### समग्र भूगोल

जैविक प्रजातिका दृष्टिले विश्वको ०.००३ र एसियाको ०.३ प्रतिशत भूभाग नेपालले ओगटेको छ । तराईको समथर क्षेत्र ६० मिटरदेखि सर्वोच्च शिखर सगरमाथा १ सय ९३ माइलसम्म र पूर्वपश्चिम ८ सय ८५ माइल भूभाग रहेको नेपालमा ५ किसिमको भौगोलिक वातावरण पाइने हो र ३५ किसिमको वनक्षेत्र, १३ किसिमको हावापानीले गर्दा पनि जैविक विविधताको प्रचुर सम्भावना छ यहाँ !

पूर्वको ताप्लेजुङदेखि पश्चिमसम्म लमतन्न फैलिएको झन्डै ३ हजार कि.मि. भूभागमा सधैं सेता हिमाल, दक्षिणतिर फैलिएका समथर जमिन, त्यसबीचमा पर्ने पहाड, खोला, थुम्का, उपत्यका, पतभर र कोणधारी जंगलले गर्दा मुलुकको शोभा थप रमणीय बनाएको हो, ललितपुरको दुर्गम महाभारतको डाँडामा चढेर त्यहाँका लालीगुराँससँग लडीबुडी गर्यौं हामीले र तराईका समथर जमिन र चारकोसे झाडीलाई हाम्रै क्यामेरामा कैद गर्यौं, हलेसीको शिखरबाट सगरमाथा नै चुम्बन गर्ने हाम्रो धोको कुहिरोको कारण सफल भएन, विदेशी पर्यटकले देखेका भए हामीलाई पनि विदेशी भन्थे होलान् सायद । विश्व मानचित्रमै नेपाल सुन्दर रहेकाले विश्वकै लागि पर्यटकीय गन्तव्य भएको छ देश । तर, तापक्रम वृद्धि हुनाले हिमालमा हिउँको साटो कालापत्थर देखिन थालेको छ, समग्रमा वार्षिक ०.६ प्रतिशतले तापमान वृद्धि हुँदै छ ।

### के भन्छ सरकारी निकाय ?

विश्वमा पाइने १० हजार थरी माछामध्ये करिब २ प्रतिशत अर्थात् १ सय ८७ थरी र विश्वमा पाइने १२ हजार ६ सय ५० हर्पेटमध्ये करिब २ प्रतिशत अर्थात् १ सय ९५ थरी नेपालमै पाइन्छ । पुतली, माकुरा प्रजातिका लागि पनि नेपाल अग्रस्थानमा छ । यहाँ रहेका असंख्य खोलानाला, नदी, तलाउ, हरियाली डाँडापाखा, थुम्का, भीर, पहाड, समथर भूभाग, हिमाल, गल्छी, उपत्यका आदिका कारण विविध वातावरणीय प्रणालीका बहुसंख्यक जीवजन्तुको संगमस्थल भन्दा हुन्छ नेपाललाई ! त्यति मात्रै होइन, विश्वकै दुर्लभ एकसिंगे गैंडा, लोपोन्मुख अवस्थाका पाटेबाघ, शुद्ध अर्ना, हिमचितुवादेखि हाब्रेसम्मका जीवजन्तुहरू पनि यहीँ छन् । विश्वमै दुर्लभ चरा, माछा, सर्प र मुसाहरू पनि यहीँ पाइन्छन् ।

त्यस्तै कालीगण्डकीको सेरोफेरोमा पाइने सबै खाले वनस्पति र कालीगण्डकीदेखि दार्चुलासम्मको हिमालय क्षेत्रमा युरोपियन हावापानी एवं वनस्पति पाइने हुनाले पनि हाम्रो मुलुक वनस्पति विकासमा मात्रै होइन, पर्यटकीय विकासमा पनि ठूलो महत्व राख्छ । विश्वमा फूल फुल्ने प्रजातिका झन्डै ६ हजार र फूल नफुल्ने झन्डै ४ हजार प्रजातिका वनस्पति छन् । वनस्पति विभागका अनुसार प्राकृतिक प्रणालीका ३५ किसिमको वन हामीकहाँ नै छ । विभागका अनुसार २ सय ५० प्रजातिका मौलिक वनस्पति नेपालमै पाइन्छ । त्यस्तै ५ सय ७१ थरीका औषधिजन्य गुण भएका वनस्पति पनि यहीँ छन् ।

विश्व वनस्पति भण्डारको रूपमा रहेको नेपालको जैविक विविधतामा आँच आउनु भनेको सबैका लागि कष्टपूर्ण स्थिति पैदा हुनु हो । प्रजाति सम्भाव्यताका दृष्टिले विश्वमै पच्चीसौं स्थानमा र महाद्वीपीय दृष्टिले एघारौं स्थानमा पर्ने नेपाल आफैँमा समृद्ध हुनुपर्ने हो । बढी वर्षा हुने स्थल पोखराको लुम्ले र कम वर्षा हुने स्थल मनाङ, मुस्ताङ र डोल्पा यहीँ पर्छ । सबैभन्दा अग्लो १५ मिटरसम्मको गुराँसको बोट यहीँ पाइन्छ । जुन विश्वमा पाइने ८ सय ५० थरीका गुराँसमध्ये सबैभन्दा अग्लो हो । यति महत्व हुँदाहुँदै पनि हामीले अचम्म देख्यौं, देशैभरि कुदिरहेका वडा अध्यक्षका डोजरहरू जसले वन कोतर्दै थिए, पछिल्लोपल्ट कुलेखानी जलाशय अवलोकनपछि मकवानपुरको थाहा नपाभित्रका तमाम डाँडापाखामा डोजरहरूले पाखो कोपर्दै ढुंगा-माटो खसाल्दै थिए र चित्लाङ भीमफेदीको बाटो चन्द्रागिरि, थानकोट झर्दै गर्दा हामी सबैको मन भक्कानियो, खनेको, भत्काएको दृश्यबाहेक केही थिएन, अब वर्षा लाग्दै छ, पहिरोको जोखिम कति होला ?

गाउँ अब सहर बन्दै छ, बस्ने युवाजति खाडी पस्दै छन्, यहाँ रहेकाले दोहोरो नागरिकता पासपोर्ट र अनेकानेक जालझेल गर्दै छन्, देशलाई भारी ऋण र व्यापारघाटा बोकाउँदै छन् र सार्वजनिक सडकमा दुई मिनेट अवरोध गरे सामान्य नागरिकलाई केस चल्छ, तर सरकारी ढुकटीमा तर मार्नेहरू बोनस खाएर बानेश्वरको हलमा अवरोध गर्दै छन्, राजा-महाराजाहरूका लागि आएको यहाँको लोकतन्त्रको संविधान बनोट नै त्यस्तै छ, जसले देशको हितभन्दा व्यक्तिहित, आफन्तको, परिवारको हित गर्छ र राजनीतिकर्मीहरू सबैलाई छुट दिने गर्छ, सबै मिलेर सत्तामा पुग्छन्, आलोपालो को-कसलाई बढी वा कम टिकाउने मात्रको खेल खेलि नै रहेका हुन्छन् ।

### र अन्त्यमा

नारायणघाटदेखि बुटवलसम्मको सडक नाजुक देखियो, त्यहाँ गणतन्त्र, लोकतन्त्र र संघीयता गुडेर होइन उडेर जाने गरेकाले त्यहाँको दृश्यावलोकन नभएको त्यहींकै भुक्तभोगीको आवाज सुनियो, खोटाङ प्रवेश गर्दै गर्दा डोजर हरूको ताँती, ललितपुर भट्टेडाँडा, भारदेउ, गोटीखेल मात्रै होइन, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट सबै बाटाघाटहरूमा लोकतन्त्रका डोजरहरू नै कुदिरहेका देखिए र कृषि उब्जनी हुने साना खेतबारी, गराहरूमा पनि डोजर लाग्दै माटो मिलाउँदै गरेका दृश्य आइ नै रहे । आगलागी हुँदा वनमा रहेका पशुपन्छीहरूले पनि सायद देशको परिवेशलाई सराप्दै मृत्युवरण गरे होलान् ।

राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताप्रति मुलुकको प्रतिबद्धता के भयो होला, खोज्ने फुर्सदै भएन कसैलाई । प्राकृतिक वातावरणको संरक्षण र बुद्धिमत्तापूर्ण उपयोगमा जोड दिँदै सहरी प्रदूषणलाई छिट्टै रोकथाम गर्ने र ग्रामीण क्षेत्रका अधिकांश भूभागलाई स्वच्छ, सफा र सुन्दर पार्ने दीर्घकालीन सोच के भयो त ? प्रमुख तत्वहरू– हावा, पानी, माटो तथा ध्वनि प्रदूषणका थप मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, वातावरणीय स्रोतहरूको संरक्षण गर्ने, नेपाल पक्षधर वातावरण सन्धि-सम्झौतालाई व्यवहार तः कार्यान्वयन गर्ने, क्योटो प्रोटोकलअन्तर्गतको स्वच्छ विकास संयन्त्रबाट लाभ लिन कार्बन व्यापारलाई प्रवर्द्धन गर्ने, काठमाडौं उपत्यका र सहरी क्षेत्रका नदीहरूको सफाइ, विषादीको सुरक्षित विसर्जन, उच्च ध्वनि प्रदूषण हुने संवेदनशील ठाउँको ध्वनि तह मापन, वायु गुणस्तर मापदण्डको अनुगमन, घर भित्रको प्रदूषण नियन्त्रणमा कानुनी व्यवस्था, सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण मापदण्ड के भयो होला त ?

विश्वले वातावरण बचाउ अभियान सुरु गर्नुपूर्व हजारौं वर्षपहिलेदेखि नै नेपालको पूर्वीय वैदिक वाङ्मयले हावा, पानी, माटो, शुद्ध हुनुपर्ने अवधारणालाई आत्मसात् गरेको वैदिक भूमिको जगेर्ना गर्न अब अवैदिक मानव संसाधनले सक्ला त ? हामीले अरूको जुठो खाइसक्यौं, अरूकै लहैलहैमा जानबाहेक हाम्रो विकल्प नै के होला र अब ? संसारको एक नमुना देश स्वच्छ र पवित्र, चोखो रहेको वैदिक देशलाई धर्मनिरपेक्षको बिल्ला भिराइसक्यौं । सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया, सर्वे भद्राणी पश्यन्तु मा कश्चिद दुःखभाग्भवेत्, द्यौः शान्तिः अन्तरिक्षः शान्तिः, पृथ्वीः शान्ति आपः शान्तिः, औषधयः शान्तिः, वनस्पतयः शान्तिः विश्वेदेवाः शान्तिः भन्ने मूलमन्त्रहरू सिकाउन अब अरू आउलान् त ? हामी र हाम्रा सन्ततिले बिर्सिएपछि ।

*(स्रोतः कारोबारदैनिक)*

# हेटौंडामा मौन र्‍याली

समाज संवाददाता

हेटौंडाः राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान कार्यसमिति मकवानपुरले हेटौंडामा मौन र्‍याली निकालेको छ । आइतबार बैंक तथा वित्तीय संस्थाहरुको बेथितिविरुद्ध हेटौंडा उपमहानगरपालि-४, हुप्रचौरस्थित महाअभियानको जिल्ला सम्पर्क कार्यालयमा भेला भई र्‍याली गरिएको हो ।

महाअभियान मकवानपुर जिल्ला अध्यक्ष भीम रावतको नेतृत्वमा ब्यानर तथा प्लेकार्डहरु बोकेर बिरोध प्रदर्शन गर्दै मौन र्‍याली निकालिएको छ । बैंक र सहकारीको ज्यादती बन्द गर, घरजग्गा लिलामी बन्द गर, भ्रष्टाचार अन्याय बेथिति बन्द गर, बाँच र बाँच्न देउ जस्ता नारा प्लेकार्डमा लेखिएको थियो । र्‍याली थाहा चोक, पारिजातपथ, कान्तिराजपथ, बुद्धचोक, सीमाचोक, टिसिएन रोड हुँदै हेटौंडा बसपार्कस्थित पिपलबोट चोकमा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा अभियान मकवानपुर जिल्ला अध्यक्ष रावतले नेपाल बेथिति तथा भ्रष्टाचारको अखडा बनेको बताउनुभयो । वर्तमान समयमा गरिब जनताहरु दिनप्रतिदिन पीडित बन्दै गएकाले पीडित जनताको आवाज बोल्न र्‍याली गरेको उहाँले बताउनुभयो। पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको ज्यादती बढ्दै गएको र ऋण लिएका आम जनताहरुलाई धम्काउने, तर्साउने कार्य नगर्न बैंक तथा वित्तीय संस्थाहरुलाई उहाँले कोणसभाबाट आग्रहसमेत गर्नुभयो । बैंक तथा वित्तीय संस्था बेलैमा सच्चिन र सर्वसाधारण जनतालाई थप समस्यामा पारी डर, त्रासको वातावरण नबनाउन उहाँले चेतावनीसमेत दिनुभएको छ ।

# २९ जनाले गरे रक्तदान


समाज संवाददाता

हेटौंडाः हेटौंडास्थित महालक्ष्मी विकास बैंकको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । आईतबार भएको कार्यक्रममा २९ जनाले रक्तदान गरेका छन् ।

बैंकको ३५ औं वार्षिकोत्सवको अवसरमा भएको कार्यक्रममा ३ जना महिला र २६ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । बैंकले आइतबार नै हेटौंडासँगै बीरगन्ज, धरान, काठमाडौं, धनगढी, भैरहवा, घोराही र पोखरामा एकसाथ रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । यस्तै, बुधबार हेटौंडा-१ मा बुद्ध जयन्तीको अवसरमा रक्तदान कार्यक्रमको आयोजना हुने भएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं






# हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.२०४० जेठ १९

**स्व. केशव प्रसाद मुडभरी**

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

हेटौँडा-१३ स्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर जिल्ला कार्यसमिति सदस्य **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रिन्सीपल**

**एवम् कमाने एकेडेमी परिवार**

हेटौँडा-८, कमाने

# बालजागृतिका विद्यार्थीको आवाज

## छुनुमुनु छुनुमुनु

पुस्तक समीक्षा



समर्पण मान श्रेष्ठ

मैले पढेको पुस्तकको नाम छुनुमुनु छुनुमुनु हो । यस किताबको लेखक नर्मदेश्वर सत्याल हुनुहुन्छ। यस किताबको प्रकाशक परिवेश प्रकाशन काठमाडौं हो । यो पुस्तक २०६१ साल माघमा प्रकाशन भएको हो । यस किताबमा जम्मा १६ पाना मात्रै रहेको छ । यो कथा विधाको किताब हो ।

यस किताबको विषय छुनुमुनु छुनुमुनु शीर्षक भएको बाल मनोवैज्ञानिक कथाहरू समावेश रहेका छन् । यसभित्र ११ वटा फरक फरक विषय रहेका छन् । ती विषयहरू हुन् छुनुमुनु छुनुमुनु, मने, नाना खोई, आहा !, मेरो स्कुल, कति ज्ञानी, भंगेरा र गौँथली, माहुरीको हुल, आँगन, पुतली, सयपत्री फूल, र मुख हुन् । यस पुस्तकको गातामा तीनजना मान्छे छन् । एउटा रुख रहेको छ । चित्रमा एउटा मान्छे नाचिरहेको देखिन्छ। पुस्तकको आकार आयात आकारको रहेको छ। पुस्तक नेपाली भाषामा लेखिएको छ किताबका अक्षरहरू पढ्न सजिलो खालका छन् ।

किताबले हाम्रो काम आफैँ गर्नुपर्छ र छिटो गर्नुपर्छ भन्ने शिक्षा दिइएको छ । पुस्तकले भन्न खोजेको कुरा हामीले आफैंमा निर्भर हुनुपर्छ भनेको हो। सफल हुनका लागि आफैंमा विश्वास गरेर अगाडि बढ्नुपर्छ । हरेक कामहरु समयमै पूरा गरिसक्नुपर्छ भन्ने उद्देश्य पुस्तकले राखेको छ ।

पुस्तक पढ्दा निकै रमाइलो लाग्यो । र पुस्तक ज्ञानवर्द्धक पनि रहेछ । मलाई यो पुस्तक साह्रै नै मनपऱ्यो। यस पुस्तकमा मैले केही कमजोरीहरु भेट्टाएको छैन । म यो पुस्तक मेरा सबै साथीहरुलाई र म भन्दा साना भाइबहिनीहरुलाई पढ्न सुझाव दिन्छु । यो पुस्तक पढेर मलाई आफ्नो कामबारे ज्ञान मिलेको छ । म यस किताबको लेखक ज्यूलाई धेरै धन्यवाद दिन चाहन्छु । र फेरि फेरि पनि यस्ता पुस्तकहरु लेखिरहनुहोस् भन्न चाहन्छु ।

*कक्षा-४*

## मेरो पाठशाला



एमी श्रेष्ठ

पाइला पाइला चाल्न सिक्यौ
खेल्न पनि यहीं सिक्यौ
पढ्दा पढ्दा मित्र भेट्यौ ।

एउटा घर आफ्नो भने
ज्ञान मन्दिर विद्यालय
जीवन धान्न सिकाउँछ
ज्ञानको मन्दिर सधैं गएँ ॥

पढ्न पाउँ, खेल्न पाउँ
विद्या आर्जन गर्न पाउँ
हे देवी सरस्वती माता
ज्ञान देऊ हामीलाई विधाता ॥।

*कक्षा-७*






अश्मी दाहाल
कक्षा-४

## आमा



प्रियांसु पौडेल

हामीलाई जन्माउने हुर्काउने आमा
भेट्ने छैन अर्को कोही यो जीवनमा
आमा हामीलाई माया अनि प्रेम गर्ने गर्छिन्
कहिले आउँछ स्कुलबाट भन्दै बाटो कुर्छिन् ।

हाम्रो राम्रो उन्नतिमा आमा खुसी हुन्छिन्
गलत काम गरेमा सजाय पनि दिन्छिन्
आमाकै कारणले जीवन पाएको छु
सधैंभरि आमासँगै बस्न चाहेको छु ।

धेरै नै छ यो जीवनमा आमाको महत्व
आमा बिना हुने छैन हाम्रो अस्तित्व
आमाबाटै सिक्छौं हामी धेरै ज्ञानका कुरा
आमाको अगाडि हामी सधैं बच्चा ।

*कक्षा-४*

## बहिनीको कोसेली

पुस्तक समीक्षा



रिमोन केसी

मैले पढेको किताबको नाम बहिनीको कोसेली हो। यस पुस्तकका लेखक तेज प्रकाश श्रेष्ठ हुनुहुन्छ । यो पुस्तक २०५७ साल माघमा ३१०० प्रति साझा प्रकाशनद्वारा प्रकाशनमा ल्याइएको हो । यस पुस्तकमा कुल पाँचवटा कथा समावेशसँगै ३४ पाना रहेका छन् । यस पुस्तकमा रहेको कथाका शीर्षकहरू यस प्रकार छन्:- आमा, म पढ्न जान्छु, पछुतो, बहिनीको कोसेली, रौनकको जिज्ञासा र पढ्नु पनि पर्छ खेल्नु पनि पर्छ रहेको छ ।

यो किताबको आईएसबिएन नम्बर ९९९ ३३ ४ ०४५ ६ हो । हामीले यो पुस्तक २५ रुपैयाँमा किन्न सक्छौं। यो पुस्तक बालसृजनात्मक, सफल, सक्षम, प्रेरणात्मक र मनोरञ्जनात्मक विषयमा लेखिएको छ । यो पुस्तक बालबालिकालाई मनोरञ्जन र केही असल र नैतिक शिक्षाको बारेमा लेखिएको छ । यो पुस्तक पढ्न मलाई खासै लामो समय लागेन । यो पुस्तकमा लेखिएको भाषा वा शब्दहरू पढ्न सजिलो र बुझिने खालका छन् ।

यो पुस्तकमा धेरै कुराहरू भन्न खोजिएको छ । जस्तै हामीले पहिले आफ्नो शरीरलाई बलियो र स्वस्थ बनाउनुपर्छ। हामीले कहिल्यै अर्काको डाहा गर्नु हुँदैन । सबैसँग मिलेर बस्नुपर्छ । हामीलाई अरुले गरेको गुण कहिल्यै बिर्सनु हुँदैन। हामीले गौंथली जस्तै मिहिनेत गऱ्यौं भने जीवनमा सधैं सफल हुन्छौं। र हामीले साथी बनाउँदा सधैं असल साथीको संगत गर्नुपर्छ भन्न खोजिएको छ ।

मलाई सबैभन्दा रमाइलो पाठ चार पढ्न लाग्यो । रौनकको जिज्ञासा जसमा गौथली एउटा चरा भएपनि उसले सुन्दर कचौरो जस्तो घर बनाउने तरिका पढ्दा साह्रै रमाइलो लाग्यो । मलाई यो पुस्तक मन पऱ्यो किनभने यसमा रहेका शब्दहरू पनि सरल छन् कथाहरूमा पनि छुट्टाछुट्टै शिक्षा दिने किसिमका शीर्षकहरु र विषयहरु रहेका छन् । यो पुस्तक म जस्तै साथीभाइ र आफूभन्दा साना भाइबहिनीलाई पढ्न सुझाव दिन चाहन्छु यो पुस्तकको सबै सबै कुराहरु ज्ञानवर्द्धक रहेको हुँदा पुस्तक पढ्न रुचाउनु हुने सबैलाई बहिनीको कोसेली पुस्तक पढ्ने सल्लाह दिन्छु ।

*कक्षा-४*

## बकैया ७ ए साइड फुटबल प्रतियोगिता
# एफसी झुरझुरे र फापरबारी विजयी

समाज संवाददाता

हेटौँडा: मकवानपुरको बकैया गाउँपालिकामा जारी खुला ७ ए साइड गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत् आइतबार दुई खेल सम्पन्न भएको छ। बकैया-४ स्थित अजिङगरे खेलमैदानमा भएको खेलमा बागमती गाउँपालिकास्थित झुरझुरे एफसी र एफसी फापरबारीले विजयी सुरुवात गरेको हो। प्रतियोगिताका संयोजक जीवन सञ्जेलका अनुसार आइतबार भएको पहिलो खेलमा बकैया-४ स्थित सोपी एफसीलाई ३-० गोलले हराउँदै एफसी झुरझुरेले विजयी सुरुवात गरेको छ। आइतबार नै भएको दोस्रो खेलमा बकैया-५ स्थित एकान्तबस्ती बीलाई २-० गोलले हराउँदै फापरबारीले विजयी सुरुवात गरेको हो। प्रतियोगिताअन्तर्गत् आज सोमबार तीन खेल हुनेछ। सोमबारको पहिलो खेलमा बागमती एकेडेमी र बकैया-९ स्थित उच्च कुडुल्ले भञ्ज्याङबीच हुनेछ। बकैया-४ स्थित सगरमाथ युवा क्लव र वडा नम्बर ७ को कान्द्राङबीच दोस्रो खेल हुनेछ। सोमबारको अन्तिम खेलमा बकैया-४ स्थित पहरे युनाइटेड र सिमात डाँफे युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको फाइनल खेल जेठ १३ गते हुनेछ। प्रतियोगिताको विजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# बाल विवाहसम्बन्धी अन्तरक्रिया




समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगरपालिका-१३, पदमपोखरीस्थित महेन्द्र माध्यमिक विद्यालयमा बाल विवाहसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको छ। आइतबार महिला तथा बालबालिका सरोकार केन्द्र र ग्रामीण स्वास्थ्य र शिक्षा सेवा ट्रस्टको संरक्षणमा गठित पैरवी समूह, मकवानपुरको आयोजनामा कार्यक्रम सञ्चालन गरिएको हो।

बाल विवाहलाई कम गर्ने र जनचेतना बढाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा वडा अध्यक्ष पेम्वा लामाको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा महेन्द्र माविका विद्यार्थीले विभिन्न प्रश्न सोधेका थिए भने जनप्रतिनिधिहरुले सो प्रश्नको उत्तर दिएका थिए।

वडा अध्यक्ष लामाले बालविवाह रोक्ने भूमिका निर्वाहको विषय र वडाले गरेको प्रयासको बारेमा प्रष्ट पार्नुभएको छ। उहाँले पढाइलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने बताउनुभयो। आफूले आफैँलाई नियन्त्रणमा राख्न, जीवनवृत्तिमा ध्यान दिन र जीवनमा सकारात्मक पक्षप्रति ध्यान केन्द्रित गर्न आवश्यक रहेको बताउनुभयो।

बाल विवाहको अर्को कारण सामाजिक सञ्जाल पनि रहेको भन्दै वडा अध्यक्ष लामाले अहिलेको बालबालिकामा हुने छिटो शारीरिक विकासले पनि बाल विवाहलाई प्रोत्साहन गरेको बताउनुभयो। उहाँले वडाले बालबालिकालाई सम्झाउने, रोक्ने, जनचेतना जगाउने गरेको भन्दै उमेर नपुगी विवाह भई हालेमा उमेर नपुगुन्जेल अलग-अलग राख्ने गरेको बताउनुभयो। वडामा विवाह दर्ता गर्नुपर्ने उमेरमा सम्बन्धविच्छेद दर्ता गर्न आउने गरेको वडा अध्यक्ष लामाको भनाइ छ।

यस्तै, पदमपोखरी अस्पतालका इन्चार्ज शेरबहादुर ब्लोनले बाल विवाह गरेपछि स्वास्थ्यमा हुने असरको बारेमा बताउनुभएको थियो। बाल विवाह गरेपछि किशोरीकिशोरीमा शारीरिक र मानसिक तनाव धेरै हुने गरेको उहाँले बताउनुभयो। बालबालिकाले सानै उमेरमा बच्चा बोकेर औषधी खुवाउन आउने गरेको उहाँको भनाइ छ।

गत चैतमा गठन भएको पैरवी समूह मकवानपुरको यो पहिलो कार्यक्रम हो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठ, प्रहरी शेरबहादुर नायक र सिर्जना चौधरी, पदमपोखरी अस्पतालका इन्चार्ज शेरबहादुर ब्लोनलगायतको आतिथ्य रहेको थियो। कार्यक्रममा विद्यालयका विद्यार्थी, शिक्षक गरी ५९ जनाको उपस्थिति रहेको थियो।

# प्रदेशसभा समिति सभापतिहरुको आज शपथग्रहण



समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशसभाका विषयगत समितिका नवनिर्वाचित सभापतिहरुको सपथग्रहण आज सोमबार हुने भएको छ। आइतबार बागमती प्रदेशसभा सचिव कृष्णहरि खड्काले नवनिर्वाचित संसदीय समितिका सभापतिहरुको शपथग्रहण हुने सूचना जारी गर्दै जानकारी गराउनुभएको हो।

प्रदेशसभा नियमावली (पहिलो संशोधन), २०७४ को नियम १४९ को उपनियम (१) तथा नियम १६७ बमोजिमको बागमती प्रदेशसभाको प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र शिक्षा, स्वास्थ्य तथा कृषि समिति र विशेषाधिकार समितिको नवनिर्वाचित सभापतिहरुको शपथग्रहण हुने भएको हो। विषयगत समितिका सभापतिहरुले सभामुखसमक्ष शपथग्रहण गर्नेछन्। समितिका सभापतिहरुको शपथग्रहण दिउँसो ३ बजे हुनेछ।

शनिवार प्रदेशमा ४ वटा समितिको नेतृत्व टुङ्गिएको छ भने २ वटा समितिको नेतृत्व विधिगत रुपमा टुङ्गिन बाँकी छ। शनिवार भएको निर्वाचन प्रक्रियाबाट प्रदेश मामिला समितिको सभापतिमा नेपाली कांग्रेसका छिरिङ दोर्जे लामा र सार्वजनिक लेखा समितिको सभापतिमा कांग्रेसकै श्रीराम लामिछाने चयन हुनुभएको छ। यस्तै, अर्थ तथा विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नुरज बज्राचार्य र शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा माओवादी केन्द्रका ठाकुर ढकाल चयन हुनुभएको हो।

प्रदेशसभामा बाँकी रहेका दुई वटा समितिको सभापतिका लागि आज सोमबार नै निर्वाचन हुने छ। निर्वाचनपछि समितिका सभापतिहरुलाई शपथग्रहण गराउने कार्यतालिका रहेको छ। बागमती प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको डेढ वर्षपछि संसदीय समितिहरुले नेतृत्व पाउन लागेको हो।

# विद्यार्थीलाई निशुल्क लेखा तालिम

समाज संवाददाता

हेटौँडा: नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) मकवानपुर बहुमुखी क्याम्पस कमिटीले निशुल्क लेखापालन तालिम सुरु गरेको छ। आइतबार कमिटीका अध्यक्ष अभ्युदय खनालको अध्यक्षता तथा मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. यम बहादुर सिलवालको प्रमुख आतिथ्यमा तालिम सुरु भएको हो।

तालिम उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै क्याम्पस प्रमुख सिलवालले विद्यार्थीलाई सीपसहितको पढाई आवश्यकता रहेको बताउनुभयो। उहाँले पढ्दै कमाउँदै शिक्षामा यसले मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। तालिम आइतबारदेखि १० दिनसम्म सञ्चालन हुने कमिटीका वरिष्ठ उपाध्यक्ष सुजन सिलवालले बताउनुभयो। क्याम्पसका विद्यार्थीहरुको सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक अभ्यास क्षमताको विकासका लागि तालिम आयोजना गरिएको उहाँले बताउनुभयो। तालिममा क्याम्पसका १ सय २० जना विद्यार्थी सहभागी छन्। दैनिक १० बजेदेखि ११ बजेसम्म सञ्चालन हुने तालिममा किशोर अर्यालले प्रशिक्षण दिइरहनुभएको छ।

# कुटपिटबाट हेटौँडाका राना गम्भीर घाइते

समाज संवाददाता

हेटौँडा: हेटौँडा-६ स्थित सल्लाघारीमा कुटपिटबाट एक जना गम्भीर घाइते भएका छन्। घाइते हुनेमा हेटौँडा-१६ स्थित शक्तिरोडका २३ वर्षीय साजन राना रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ।

शनिबार राति १० बजेर ३० मिनेटको समयमा अपरिचित ४ जना केटाहरुको समूहले कुटपिट गर्दा राना घाइते भएका हुन्। कुटपिटबाट रानाको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको जनाएको छ। हेटौँडा-१६ का शंकर पाखिनसहितको ६ जनाको समूहले स्कुल नजिकै बसिरहेको अवस्थामा रानालाई फेला पारी उपचारका लागि हेटौँडा अस्पतालमा ल्याइएकोमा थप उपचारका लागि चितवन लगिएको छ। कुटपिट गर्नेहरुको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौँ ।
- बालबालिकाका लागि सुरक्षित एवम् तनावरहित वातावरण सिर्जना गरौँ ।
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौँ ।
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔँ ।
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौँ । बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# संयुक्त मधेशी सेवा समाजमा गुप्ता




नवनिर्वाचित समितिको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडा: संयुक्त मधेसी सेवा समाज मकवानपुरको अध्यक्षमा रवी गुप्ता निर्वाचित हुनुभएको छ। शनिवार हेटौँडामा भएको आठौँ साधारणसभा तथा तेस्रो अधिवेशनबाट गुप्ताको नेतृत्वमा सर्वसम्मत नयाँ समिति चयन भएको हो।

समाजको उपाध्यक्षमा अशोक गुप्ता, सचिवमा नन्दलाल दास, कोषाध्यक्षमा राजदेव बनियाँ, सह-सचिव पदमा कृष्ण कंशाकार, सहकोषाध्यक्ष रञ्जित केशरी चयन हुनुभएको छ। यस्तै सदस्यमा शम्भु गुप्ता रौनियार, लक्ष्मण बनियाँ, अर्जुन केशरी, मनोज साह र किसन गुप्ता रौनियार चयन हुनुभएको छ। निवर्तमान अध्यक्ष सुनिल प्रसाद सेनुरियाको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो। संयुक्त मधेशी सेवा समाजले वार्षिकरुपमा छठ पुजा समारोह, वातावरण दिवस, रक्तदान कार्यक्रम, अनाथ बालबालिका लक्षित सहयोग, वृद्धाश्रमलाई सहयोगका कार्यक्रम गर्दै आएको छ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०२/०७

यस सुप्रिति बचत तथा ऋण सहकारी संस्था लि.का लागि करार सेवामा रहने गरी निम्न अनुसार काम गर्न कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक योग्य नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक निवेदन आव्हान गरिएको छ ।

विज्ञापन नं. १/२०८०/२०८१
पद : व्यवस्थापक (एकजना)
शैक्षिक योग्यता : वाणिज्य संकायमा स्नातक तह उत्तीर्ण ।

विज्ञापन नं. २/२०८०/२०८१
पद : बजार प्रतिनिधि (२० जना)
न्यूनतम शैक्षिक योग्यता : १०+२ उत्तीर्ण


परीक्षाको किसिम : लिखित र मौखिक दुबै
उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
वान्छनीय योग्यता : कम्प्युटरमा दक्ष तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएकाहरुलाई प्राथमिक दिइनेछ ।
पारिश्रमिक सुविधा : संस्थाको नियमअनुसार हुनेछ ।
सम्पर्क : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
परीक्षा दस्तुर : रु. ५००/-

आवश्यक कागजातहरू :
क) नागरिकताको फोटोकपी
ख) बायोडाटा
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
घ) कम्प्यूटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाणपत्रको प्रतिलिपी, लाइसेन्सको प्रमाणपत्रको प्रतिलिपी
ङ) पासपोर्ट साइजको फोटो २ थान

थप जानकारीका लागि
सुप्रिति बचत तथा ऋण सहकारी संस्था लिमिटेड
हेटौंडा-१०, मेनरोड (०५७-५२१७७१)

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाइराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ